# प्रेस विज्ञप्ति

## नेपाल बैंक लिमिटेड टीकापुर शाखाको भवन उद्‌घाटन

कैलाली जिल्ला, टीकापुर नगरपालीका वडा नं. १ रारामार्गमा बैंक स्थापनाको ५० वर्षपछि आफ्नै स्वामित्वको भवनबाट बैकिङ्ग कारोवार गर्ने गरी मिति २०८१ भाद्र ०७ गते टीकापुर शाखाको विधिवत् समुद्‌घाटन भएको छ ।

नेपालको पहिलो बैंक समेत रहेको बैंकले देशैभरि रहेको आफ्नै जग्गामा आवश्यकताको आधारमा आफ्नै भवन निर्माण गरी कारोवार सञ्चालन गर्दै आएको छ । ग्राहकको आवश्यकतालाई मध्यनजर गरी निर्माण गरिएको ग्राहकमैत्री भवनबाट ग्राहकले सम्पूर्ण बैकिङ्ग कारोवार गर्न सक्नेछन् । हाल नेपालभर २२९ शाखा, ५९ एक्टेन्सन काउण्टर र २०४ एटिएम काउण्टरबाट सेवा सञ्चालन भैरहेको छ । बैंकले आधुनिक प्रविधिलाई आत्मसाथ गर्दै समयानुकूल थप सरल र सहज ग्राहक सेवा प्रदान गर्ने कटिवद्ध रहेका छौं ।

२०८१/०५/०९ गते, आईतबार ।

भवदीय,

(होम बहादुर खड्का)
प्रवक्ता

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED
प्रधान कार्यालय